समृद्धिको सहयात्री

# कोशीपत्र

कोशी मिडिया ग्रुप प्रा.लि.

KOSHIPATRA NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४ । अङ्क ७५ । मंगलबार ३, साउन २०७९ । Tuesday 18 July 2022 । पृष्ठ सङ्ख्या ४

www.koshipatra.com

मूल्य रु ५/-









धरानका मठमन्दिरमा भक्तजनहरुको भीड बढेसँगै व्यवस्थित पार्किङको अभावका मठमन्दिरका सडक नै जाम हुने गरेको छ । धरान १४ विजयपुरमा रहेको बुढासुब्बा मन्दिरको परिषर अगाडि शनिवार अव्यवस्थित ढंगले राखिएको पार्किङ । जथाभावि राखिएका सवारी साधनका कारण मन्दिर आसपासमा अस्तव्यस्त बनेको थियो । तस्विर कोशीपत्र

प्रदेश नं. एकको नाम किरात हुनुपर्ने माग सहित मुख्यमन्त्रीको कार्यालय घेराउ

## 'प्रदेशको नाम किरात राखे 'यलम्बर' को उपाधि दिने उद्घोष'

• कोशीपत्र संवाददाता

मोरङ

धरान । किराँत राई यायोक्खाको केन्द्रीय कार्यक्रम अनुसार प्रदेश एकलाई 'किराँत प्रदेश' नामाकरण गर्नुपर्ने माग राख्दै मुख्यमन्त्रीको कार्यालय घोषणा गर्नुपर्ने माग गर्दै मुख्यमन्त्री कार्यालय घेराउ गरेका छन् ।

बाँकी अन्तिम पृष्ठमा ...








## 'स्वास्थ्यका लागि बरदान बन्दै खुल्ला जिम'



• कोशीपत्र संवाददाता

धरान

धरान ८ का विनय प्रधान विहान 'मर्निङ वाक' निस्किएपछि धरान १३ मा रहेको खुल्ला जिमखानामा गएर कसरत नगरी फर्किदैनन् ।, विहान ५ बजे उनी मर्निङवाक निस्किन्छन्, धरान १४ विजयपुरचौक हुदै पञ्चकन्या जानेबाटोबाट अमरहाट झर्छन् । धरान १३ मा वडासमितितिले निर्माण गरेको खुल्ला जिमखानामा कसरत गरेर फर्किन्छन् ।

त्यहा गएर कसरत गर्दा दिनभरि शरीरिक स्फूति हुने प्रधान बताउछन् । उनी भन्छन्-'म मर्निङवाक भन्दा पनि खुल्ला जिमखानामा कसरत गर्नकै लागि निस्किन्छु, प्रत्येक विहान एक वा दुई घण्टा कसरत गरेर फर्किन्छु, यति गरेपनि मेरो शरीर दिनभरि चंगा हुन्छ ।'

उनको जस्तै दिनचर्या धरान १६ का डेभिड लिम्बुको छ । उनी विहान उठेर विजयपुर हुदै धरान १३ मा रहेको जिमखानामा कसरत गर्छन् र घर फर्किन्छन् । उनी भन्छन्-'यो खुल्ला जिमखाना स्वास्थ्यका लागि एकदमै राम्रो छ, दैनिक यहा कसरत गर्दा स्वास्थ्य हुने महसुस मैले गरे ।'

यी दुई त प्रतिनिधिपात्र मात्र हुन प्रधान र लिम्बुजस्ता सैयौ विहान धरान १३ ले निर्माण गरेको खुल्ला जिमखानामा कसरतकै लागि पुग्ने गर्छन् । विगतमा लखन थापा स्मृति हेल्थ पार्क नबन्ने भएपछि स्थानीय सरकारले खुल्ला जिमको अवधारणा अगाडि बढाएको थियो सोही अवधारणा अनुरुप धरान १३ ले खुल्ला जिमखाना बनाएको हो । अहिले त्यो स्वास्थ्यकर जीवन विताउनेको लागि बरदान सावित बन्दै गएको छ ।

त्यस स्थानमा बच्चादेखि वृद्धावृद्धासम्म कसरत गर्न जाने गरेको स्थानीयहरु बताउछन् । स्थानीय गोपाल श्रेष्ठ भन्छन्-'म पनि कहिलेकाही कसरत गर्न जान्छु, कहिलेकाही त पालो पाउन नै मुस्किल हुन्छ ।'

पार्क बन्ने स्थानमा पार्क नबने

बाँकी अन्तिम पृष्ठमा ...

### कोरोनाका कारण दुई बर्षपछि बोलम मेला

## पहिलो सोमबार नै भक्तजनको उल्लेख्य उपस्थिति



तस्वीर सौजन्य : लक्ष्मण थापा

• कोशीपत्र संवाददाता

धरान

प्रदेश १ का विभिन्न शिवालयहरुमा आज गेरुवस्त्रधारी बोलबमभक्तजनहरुको भीड लागेको छ । प्रदेश १ मा रहेको धरानको पिण्डेश्वर, झापाको अर्जुनधारा तथा खोटाङ्का हलेसीमा रहेका

बाँकी अन्तिम पृष्ठमा ...










# घेदुङको केन्द्रीय सल्लाहकारमा गोले

• कोशीपत्र संवाददाता
धरान

नेपाल तामाङ घेदुङको केन्द्रीय सल्लाहकारमा सुजेन्द्र गोले तामाङलाई मनोनित गरेको छ ।



घेदुङको केन्द्रीय सचिवालयको बैठकले उनलाई सल्लाहकारमा मनोनित गरेको हो । नेपाल तामाङ घेदुङमा जिल्ला तहदेखि सकृय रहंदै आएका गोले घेदुङको छैठौं महाधिवेशनमा पूर्वाञ्चल क्षेत्रीय प्रमुख, सातौं महाधिवेशनमा केन्द्रीय उपाध्यक्ष र आठौं महाधिवेशनमा केन्द्रीय सल्लाहकारमा मनोनित भएका थिए ।

घेदुङको गत फागुन २९ देखि चैत्र १ सम्म भएको नवौं महाधिवेशनवाट अध्यक्षमा निर्वाचित मोहन गोले नेतृत्वको सचिवालयको बैठकले उनलाई पुनः केन्द्रीय सल्लाहकारमा मनोनित गरेको हो ।

गोले नेपाल तामाङ विद्यार्थी घेदुङको पनि तल्लोतहवाटै नेतृत्वदायी भूमिका निर्वाह गर्दै केन्द्रीय उपाध्यक्ष सम्म भएका थिए ।

पृष्ठ १ बाट जारी ...

## स्वास्थ्यका ...

पछि वडा समितिले खुल्ला जिमखाना बनाएको हो । अहिले सर्वसाधारणले यो खुल्ला जिमखानामा आएर कसर गरेको देख्दा आफूलाई राम्रै काम गरेको भान हुने धरान १३ का वडाध्यक्ष नेत्रप्रसाद काफ्ले बताउछन् । उनी भन्छन्-'शुरुमा त यहाँ बनाउनु ठीक हो कि होइन भन्ने लागेको थियो, तर अहिले सर्वसाधारणको रुचिलाई हेर्दा ठिकै भएछ भन्ने लागेको छ ।

अहिले विहान बेलुका पालो पाउन गाह्रो हुने बताए । उनले भने-'यो सञ्चालन आएपछि सर्वसाधारणको अत्याधिक चाप छ, त्यहा आएर कसरत गर्नेहरुले मेरो ढाँट दुख्न निको भयो, खुट्टा दुख्न निको भयो, पेट दुख्न निको भयो भन्नुहुन्छ, त्यो सुन्दा मलाई अत्यन्तै आनन्द लाग्छ ।'

रंगेली नगरपालिकामा पुग्दा यही प्रकारको जिमखाना देखेपछि धरान १३ मा पनि यसलाई अगाडि सारिएको वडाध्यक्ष काफ्ले बताउछन् । उनी भन्छन्-'म मोरङको रंगेली नगरपालिका गएको थिएँ, त्यहा बनाएको देखेर मैले पनि बनाउने योजना बनाएको हुँ ।'

न्गर गौरव आयोजना अन्तर्गत रकमान्तर गरेर खुल्ला जिम बनाएको उनले बताए । जिमखानामा चाहिने सामाग्री र टायल गरेर १२ लाख रुपैया लागत लागेको उनले बताए । उनले भने-'यो नगर गौरवको आयोजना अन्तर्गत हामीले निर्माण गरेका हौं, हामीले जिमका सामाग्री विराटनगरबाट ल्याएका हौ, सामान र टायल गरी १२ लाखको लागतमा यो निर्माण भएको हो ।'

## प्रदेशको ...

७ प्रदेशमध्ये ६ वटा प्रदेशको नाम टुंगो लागिसक्दा पनि प्रदेश १ मा अझै नामको टुंगो लाग्न सकेको छ । साढे चार बर्षको अवधिमा तीन जना मुख्यमन्त्री फेरिए पनि उनीहरुले प्रदेशको नाम टुंगो लगाउन नसक्दा नामाकरणको विषया अझै पेचिलो बन्दै गएको छ ।

प्रदेश सरकारको कार्यकाल सहिन चार महिना बाँकी छँदा पनि प्रदेशले नामाकरण गर्न नसक्नु दुर्भाग्य भएको सर्वसाधारणले बताउदै आएका छन् । पहिचान र वहुपहिचानको आधार, भूगोलको आधार लगाायतका कुरामा नामाकरण हुनुपर्ने माग उठिरहेको बेला प्रदेशको नाम 'किरात प्रदेश' राख्न'पर्ने माग राख्दै किरात राई यायोक्खाले सोमबार मुख्यमन्त्रीको कार्यालय अगाडि घेराउ गरेका हुन् ।

प्रदेशवासीको भावनाअनुरुप प्रदेश १ को नाम पहिचानको आधार अर्थात किरात प्रदेश हुनुपर्नेमा जोड दिँदै नाराबाजीसमेत गरेका थिए ।

धरान र इटहरीबाट मोटरसाइकल र्‍यालीसहित गएको टोलीले कार्यालय घेराउपछि

मुख्यमन्त्री राजेन्द्र कुमार राईलाई किरात राई यायोख्खाका केन्द्रीय अध्यक्ष दिवस राईले ज्ञापन पत्र बुझाएका थिए । सो अवसरमा बोल्दै अध्यक्ष राईले पहिचानको आधारमा प्रदेश एकको नामाकरण गर्दा 'किरात प्रदेश' उपयुक्त हुने बताएका थिए ।

अध्यक्ष राइले भने-'जनताको अभिमत लिएर आएका छौं, किरात प्रदेश नामकरण सार्थक रुपमा तत्काल टुंगो लागोस्, यसको श्रेय सिंगो प्रदेशको इतिहासको यलम्बरको रुपमा तपाईलाई घोषणा गर्नेछौं । उनले प्रदेशको नाम 'किरात' राख्न सके मुख्यमन्त्री राजेन्द्र राईलाई 'यलम्बर' को उपाधि दिने उद्घोष गरेका थिए । नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले संसद् बैठक आगामी साउन ८ गते बोलाउने तयारी भइरहेको बताए । साउन ८ देखि प्रदेशको नामाकरणको विषयले प्रवेश पाउने विश्वास गरिएको छ ।

संवैधानिक व्यवस्था अनुसार प्रदेशको नामकरण टुङ्गो लगाउन प्रदेशसभामा दुई तिहाइ बहुमत अर्थात् ६२ सांसद आवश्यक पर्छ । प्रदेशको नामाकरणका सन्दर्भमा कोशी, सगरमाथा, किरात, विराट, विजयपुर, कञ्चनजङ्घा लगायतका नाम छलफलमा छन् ।

## पहिलो ...

शिवालय गेरुबस्त्रधारी भक्तजनको भीड लागेको हो ।

धरानमा समेत बोलबमको पहिलो दिन नै भक्तजनहरुको भीड बढेको छ । दुई बर्ष कोरोनाका कारण मेला लाग्न नसक्दा बोलबममा गएर शिवजीलाई पानी चढाउने भाकल भाकलमै सीमित थियो, यस बर्ष कोरान सहज भएकै कारण भक्तजनहरु उल्लेख्य रुपमा आएका छन् ।

बोलबममा आउने सबै उमेर समूहका छन् । बालकदेखि युवा तथा वृद्धबृद्धाहरु यस बर्ष कौशिकी नदी चतराबाट जल ल्याउए चढाउने लाइनमा देखिन्थे । नेपालबट मात्र हेन भारतबाट समेत धरान १४ को पिण्डेशवर मन्दिरमा जल चढाउनेको लाइन देखिन्थ्यो ।

यस बर्ष युवाहरु सबैभन्दा बढी लाइनमा बसेको देखिन्थ्यो । युवा अवस्थामा धार्मिक आस्था राख्दा आफ्नो परम्पराको संरक्षण हुने भएकोले जल चढाउन लाइनमा बसेका युवाहरुले बताएका छन् । उनीहरुले वृद्धाअवस्थामात्र नभएर युवावस्थादेखि नै धार्मिक आस्थालाई जागृत बनाउदै लानुपर्ने बताएका छन् । उनीहरुले दुई बर्ष कोरानका कारण जल नढाउन नपाएको बताउदै यस बर्ष जल चढाउन पाउदा उत्साहित देखिन्थे । झापा सतासीधाममा विशाल संग्रौलाले युवावस्थादेखि नै धार्मिक आस्थामा लागे नैतिकतवान बन्न सहयोग पुग्ने बताए । उनले आफ्नो संस्कार सँस्कृति जगेर्ना गर्न काम अब युवाको भएको बताए ।

भीड बढ्नुमा आर्थिक आस्थासंगै कोरोना संक्रमणमा मेला नलागेर दुई बर्षपछि लागेका कारण पहिलाा सोमबार नै भक्तजनको उल्लेख्य उपस्थिति रहेको धरान १४ निवासी राजनीतिक, सामाजिक विश्लेषक प्रा.डा राजेन्द शर्मा बताउछन् । उनले नेपालमा धर्मनिरपेक्ष राष्ट्र घोषणा भएपनि हिन्दु देवालय विशेष शिवालयहरुमा भक्तजनको भीडले अझै पनि हिन्दुधर्मको वाहुल्यता रहेको सन्देश बोलबम मेलामा आएका सर्वसाधारणको उपस्थितिले देखाएको बताए ।

यता लामो समयसम्म शिक्षण पेशाम आवद्ध एवम् एक कार्यकाल जिल्ला शिक्षा कार्यालयका स्ररोत व्यक्ति रहेका महेन्द्र कायस्थल धरानमा बोलबमको इतिहास २०३९ सालबाट शुरु भएको बताए । उनले त्यसभन्दा अगाडि भारतमा गएर जल चढउने प्रचलन रहेको बताउँदै यहाका स्थानीयहरुले पहिलो पटकधरानको पिण्डेश्वरमा सप्तकोशीको जल ल्याएर चढाउने प्रचलन ल्याएको बताए ।

यस बर्ष भक्तजनरुका भीड बढेपनि ट्राफिक व्यवस्थापन, सुरक्षा, प्राथमिकत उपचार, स्वयम्सेवकहरुले पुर्‍याएको सहयोगका कारण सहज भएको भक्तजनले अनुभव गरेका थिए । साउन महिनाभर चल्ने सो वोलबम धार्मिक मेलामा कौशीकी नदी अर्थात सप्तकोशी नदिको जल ल्याएर चढाउने परंम्परा छ । यही परम्परालाई निरन्तरता दिनकै लागि भक्तजनहरुको सुविधालाई ध्यानमा राखेर पिण्डेश्वर बाबाधाम समिति गठन गरेर मन्दिरको जीर्ण भौतिक संरचना, मन्दिरसम्म पुग्ने सडक सञ्जाल, शौचालयको व्यवस्थामा समितिले ध्यान पुर्‍याउदै आएको छ ।

# विद्युत् आपूर्ति नहुँदा उदयपुर सिमेन्ट उद्योग बन्द


• रासस
उदयपुर

देशकै सबैभन्दा ठूलो र सरकारी स्वामित्वमा रहेको उदयपुर जिल्लाको जलजलेमा स्थापित उदयपुर सिमेन्ट उद्योग दुई हप्तादेखि विद्युत् आपूर्तिमा समस्या भएपछि बन्द हुन पुगेको छ । उद्योग प्रशासनका अनुसार सिरहाको लाहानबाट उद्योगमा आपूर्ति हुँदै आएको विद्युत् असार ९ गतेदेखि ट्रान्सफर्मरमा चट्याङ लागेर सिरहा गाईघाट प्रसारण सेवा बन्द भएकाले सिमेन्ट उद्योग पनि बन्द हुन पुगेको हो । दैनिक रू. ७३ लाखभन्दा बढी घाटा बेहोर्दै आएको उक्त उद्योगले विद्युत् आपूर्ति बन्द भएपछि दुई हप्ताभित्र रू. १६ करोड घाटा बेहोर्नु परेको महाप्रबन्धक गोपीकृष्ण न्यौपानेले बताए ।

उद्योग सञ्चालन गर्न दैनिक छ मेगावाट विद्युत् आपूर्ति हुनुपर्नेमा हाल दैनिक दुई मेगावाट मात्र विद्युत् आपूर्ति हुने गरेका कारण उद्योगमा सिमेन्ट उत्पादन हुन नसकेको उद्योग प्रशासनले बताएको छ । सिरहाको लाहानस्थित गाईघाट केन्द्रमा विद्युत् प्रसारण हुने ट्रान्सफर्मर नयाँ फेर्न पर्ने भए पनि अहिलेसम्म फेर्ने वा मर्मत गर्ने काम सम्पन्न भइनसकेका कारण विद्युत् प्रसारणमा समस्या आएको उदयपुरस्थित विद्युत् प्राधिकरणका प्रमुख पंकज गोइतले बताए ।

विद्युत् मर्मत गर्ने र व्यवस्थापन गर्ने कार्य भइरहेको भए पनि अझै समय लाग्न सक्ने भएकाले लाहान गाईघाट विद्युत् सेवा सिधा आपूर्तिमा समस्या आएको उनको भनाइ थियो । विद्युत् आपूर्तिमा समस्याका कारण उद्योग बन्द हुन पुग्दा ठूलो घाटा बेहोर्नु परेको उद्योग प्रशासनले बताएको छ ।



















कोशी मिडिया ग्रुप प्रालिद्वारा प्रकाशित, मुद्रण : सत्यम मिडिया प्रा.लि., अध्यक्ष : शंकर प्रसाद घिमिरे, निर्देशक : योगेशबाबु काफ्ले, सम्पादक : राजेश विद्रोही, कार्यकारी सम्पादक : गोविन्द बस्नेत,
मुख्य कर्पोरेट कार्यालय : धरान, Email: koshipatra2075@gmail.com, फोन : ०२५-५३१४७७, विज्ञापन तथा गुनासो : ९८०२७५५३००, ९८०२७५५३०१

## प्रेरक भनाइ

“जसलाई हार्न डर लाग्छ, उसको हार निश्चित छ ।” नेपोलियन

## सम्पादकीय

# आर्थिक सङ्कट : सामनाको तयारी आवश्यक

विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारीपछि अब विश्व अर्थतन्त्र सङ्कटमा पर्न थालेको देखिन्छ । विश्व अर्थतन्त्रमा यस्तो सङ्कट देखिनुमा कोरोना महामारी र रुस–युक्रेन युद्ध नै प्रमुख कारण रहेको अर्थत्रास्त्रीहरूले बताइरहेका छन् । कोरोना महामारीका कारण करीब दुई वर्ष विश्वभरि नै आर्थिक गतिविधिहरू ठप्प भए । यसका कारण थिल्थिलो बनेको अर्थतन्त्रले अझै पनि लय समात्न सकेका छैन । यस्तो प्रतिकूल समयमा रुस–युक्रेन शुरु भएको छ र यो युद्ध लम्बिँदै गएको छ ।

महङ्गी दिनदिनै बढिरहेको छ भने आर्थिक वृद्धिदर कमजोर बनिरहेको छ । अपेक्षितरूपमा आर्थिक वृद्धिदर कायम हुन सकेको छैन । सेयर बजारमा पनि समस्या देखा परेका छन् । उत्पादनमा पनि वृद्धि हुन सकेको छैन भने वितरण प्रणालीमा समस्या देखिएका छन् । अर्थप्रणालीमा देखिएका यिनै प्रतिकूलताका कारण विश्वस्तरमै अर्थतन्त्रमा सङ्कट सिर्जना भएका हुन् । सङ्कट अझै गहिरिँदै जाने देखिन्छ । सन् २०२२ मा विश्वको आर्थिक वृद्धिदर ४.५ प्रतिशतको हाराहारी रहने प्रक्षेपण गरिएको भए पनि अर्गनाइजेसन फर इकनोमिक कोअपरेसन एन्ड डेभलपमन्ट (ओईसीडी) ले भर्खरै गरेको अध्ययनअनुसार यो लक्ष्य हासिल नहुने देखिन्छ । अध्ययनले लक्ष्यमा १.५ प्रतिशतले गिरावट आउने निष्कर्ष निकालेको छ । यसबाट पनि विश्व अर्थतन्त्रमा देखिएको सङ्कट बुझ्न सकिन्छ । पोस्ट कोभिड असर र रुस–युक्रेन युद्ध नै विश्व आर्थिक सङ्कटका मूल कारण भएको एक थरी अर्थशास्त्रीहरूको बुझाइ छ ।

विश्वको आर्थिक वृद्धिदरमा कमी आउनुका साथै मुद्रास्फीति, बैंङ्क–वित्तीय संस्थामा लगानीयोग्य पूँजीको अभाव र खाद्य सङ्कट देखा पर्न थालिसकेका छन् । यस बेला विश्वका प्रमुख अर्थतन्त्र ठानिने मुलुकमा समेत आर्थिक वृद्धिदर कम हुने देखिएको छ भने हाम्रोजस्तो सानो र मुख्यरूपमा आयातमा निर्भर अर्थतन्त्र भएका देशहरूमा आर्थिक वृद्धिदर अझ कम हुने निश्चित छ । रुस–युक्रेन युद्धका कारण पेट्रोलियम पदार्थको मूल्यमा भएको भारी वृद्धिको नकारात्मक असर झेल्न हामी बाध्य भएका छौँ । यसले गर्दा दैनिक उपभोग्य वस्तु र सेवामा समेत मूल्यवृद्धि भएको छ । युद्धले उत्पादन र वितरण प्रणाली भत्किँदा विश्वभरि नै खाद्य सङ्कट र मूल्यवृद्धि सिर्जना भएको छ ।

अहिले छिमेकी भारतसहित विश्वका ५० देशले खाद्यान्न निर्यातमा प्रतिबन्ध लगाएका छन् । यसको असर आगामी वर्ष अझ बढी देखिने निश्चित छ । यस्तो सङ्कटको सामना गर्न हामीले पनि ठोस नीति र योजना बनाउनु अत्यावश्यक छ । कोभिडपछि हाम्रो रेमिट्यान्स पनि घट्दो छ । व्यापार घाटा निरन्तर बढेर पछिल्लो ११ महिनामा १५ खर्ब ७७ अर्ब रुपैयाँ पुगेको छ । कुनै पनि देशका लागि वैदेशिक मुद्रा आर्जनका मुख्य स्रोतहरू निर्यात, रेमिट्यान्स, पर्यटन, वैदेशिक लगानी, ऋण र अनुदान नै हुन् । हाम्रो सन्दर्भमा यी सबै क्षेत्रमा समस्या देखा परिहेका छन् । यसतर्फ बेलैमा गम्भीर बन्नु आवश्यक छ । वैदेशिक मुद्रा आर्जनका यी क्षेत्रहरूमा सुधारको प्रयास र पहल गर्न ढिलाइ गर्नु हुन्न । खेतीपातीकै मौसममा किसानहरूले मलसम्म पाउन नसक्ने अवस्थाको अन्त्य हुनुपर्छ । यसो नगरी उत्पादनमा वृद्धि हुन सक्दैन । खाद्यबालीहरूको प्रवर्द्धन र उत्पादन वृद्धिमा विशेष जोड दिनु आवश्यक छ ।

भाषण र नाराबाट देश बन्दैन । नेताका भाषणबाट देशको उन्नति हुने भए हाम्रो देशको रूप उहिल्यै अर्कै भइसक्ने थियो । त्यसकारण खर्च गर्न नसक्ने तीनै तहका सरकारको अवस्थामा सुधार ल्याई बजारमा सही तरिकाले नगद परिचालन हुने अवस्था बनाउनु सरकारहरूकै दायित्व हो ।


साँगुरी यातायात प्रा.लि.

धरान–१६, सुनसरी

संखुवासभास्थित अरुण तेस्रो निर्माण स्थल - सिम्बा - नेता भिर हुँदै हटिया गोलासम्म



दैनिक बस सेवा छुट्ने समय विहान ४ :१५ बजे

सम्पर्क नं. : ९८५२०४५१७९

धरानबाट अरुण तेस्रो निर्माणस्थल फाक्सिन्दा बेंसी हुँदै सिम्बासम्म र अरुण तेस्रो निर्माण स्थल र सिम्बाबाट धरानसम्म साँगुरी यातायात प्रा.लि.को दैनिक बस सेवा उपलब्ध छ ।


# नेताहरूलाई प्रश्न– के सन्तानले तपाईंहरूका कुरा पत्याउँछन् ?

मधुसूदन पौडेल

> राजनीतिक पार्टीहरूले आफैं ‘कोर्स करेक्सन’ को पहल लिएनन् भने राजनीतिक सुधारको पक्षमा निश्चय पनि अर्को शक्ति तयार हुनेछ। दलहरूभित्रै कयौं बालेन शाह र हर्क साम्पाङहरू छन्। दलहरू आफैंले परिवर्तनलाई स्थापित गर्न सक्ने अनुहार हरूलाई मैदानमा उतारे भने नागरिकले स्वागत गर्नेछन् । उतारेनन् भने नागरिक आफैँले उनीहरूलाई जन्म दिनेछन् ।

गएको कात्तिकमा राजधानीको सिभिल अस्पतालमा मेरी बहिनीको उपचार चल्दै थियो। क्याबिनको पल्लो बेडमा उपचाररत थिए, बाजुराका हर्कबहादुर शाही ।

शाही ब्लड क्यान्सरका बिरामी थिए। रोग पत्ता लगाएर सिभिल अस्पतालसम्म आइपुग्दा उनको दस लाख रूपैयाँ सकिएको थियो । डाक्टरहरूले बोनम्यारो प्रत्यारोपणबाट उपचार गर्न सकिन्छ भनेर आशाको दियो भरिदिएका थिए । त्यसका लागि खर्च चाहिन्थ्यो- ३५ लाख रूपैयाँ ।

दुई वर्षको बच्चा काखी च्यापेर बिरामीको स्याहारमा जुटेकी उनकी श्रीमतीको ओठतालु सुकेको थियो ।

डाक्टरहरूले भनेका थिए- पैसाको जोहो भएपछि हामीलाई भन्नुहोला। हामी बोनम्यारो ट्रान्सप्लान्टको तयारी गर्नेछौं ।

उनले आफ्नो सानो मोबाइलबाट सबैतिर फोन लगाइन् ।

दुई दिनपछि कोही आफन्तलाई बिरामी कुर्ने जिम्मा लगाएर उनी नेपालगन्जको बस चढिन्। पैसा जुटाएर ल्याउने र श्रीमानलाई सञ्चो बनाएर घर लैजाने उनको उद्देश्य थियो ।

डाक्टरले प्रत्येक दिनको राउन्डमा त्यही कुरा दोहोऱ्याउँथे- पैसा जुटाउनुभयो त ?

बिरामी र कुरूवा निराश देखिन्थे ।

दुई साता बित्यो। पैसा खोज्न गाउँ गएकी श्रीमतीले सायद पैसा जुटाउन सकिनन् । उनी फर्किन नपाउँदै त्यही बेडमा शाहीले संसार छाडे ।

अस्पतालमा यो कथा थाहा पाएका बिरामी र कुरूवाहरू सबै स्तब्ध भए ।

पैसा नभएका कारण हर्कबहादुरले अकालमा मृत्युवरण गर्नुपऱ्यो ।

हर्कबहादुरको यो नियति आमनेपालीले भोगेको नियति हो । कुनै ठूलो रोगले गाँज्यो भने धेरै नेपाली उपचार खर्च जुटाउन नसकेर मृत्युको मुखमा पुग्छन् ।

यस्तो अवस्थामा आउनुमा जिम्मेवार के हो ?

जिन्दगीभर हाड घोट्दा पनि आफ्नो उपचारधरि गर्न नसक्ने हर्कबहादुर स्वयं यसका लागि जिम्मेवार छन् कि नागरिकको आर्थिक हैसियत उकास्न नसक्ने सरकार जिम्मेवार छ ?

आज यही प्रश्नको जवाफ प्रत्येक नेपाली नागरिकले राजनीतिबाट खोजेको छ । उनीहरूले नेताहरूबाट चाहेको परिवर्तन यही हो- पैसा नभएका कारण उपचार नपाएर नेपाली नागरिकले अकालमा मर्नु नपरोस् ।

वास्तवमा नेताहरूले बिरामी हुँदा विदेश गएर उपचार गराए भन्नेमा नागरिकहरूको खास आपत्ति छैन ।

केपी ओलीको उपचार सिंगापुरमा होस् वा शेरबहादुर देउवाको उपचार लन्डनमा, विद्यादेवी भण्डारीको उपचार नयाँ दिल्लीमा होस् वा पुष्पकमल दाहालको अमेरिकामा, सर्वसाधारण नागरिकको नियति भनेको आज पनि उनीहरू पैसा नभएका कारण नेपालभित्रै उपलब्ध उपचार नपाएर मर्नुपर्ने अवस्था छ। नागरिकको मन अमिलो हुने यहीँनिर हो ।

सिड्नीमा रहेको मेरो साथीलाई एकदिन आकस्मिक शल्यक्रिया गर्नुपर्ने भएछ । उनी अस्पताल गए र शल्यक्रिया गरेर निको भए ।

अस्पतालमै रहँदा उनले मलाई फोनमा भने- म अहिले नेपालमा भएको भए अस्पतालले पहिले पैसा जम्मा गर्नुस्, त्यसपछि मात्रै सर्जरी हुन्छ भन्ने थियो । तर यहाँ पहिले उपचार, त्यसपछि मात्रै अरू कुरा भनिँदो रहेछ । नेपालमा पनि यत्ति काम कहिले गर्न सकिएला ?

नेपाली नागरिकले राजनीतिसँग खोजेको परिवर्तन यही हो ।

अब एकैछिन हाम्रो शिक्षाको अवस्थाबारे विमर्श गरौं । यति बेला प्राथमिक कक्षामा सँगै पढेका मेरो बाल्यकालका दुई जना साथीको परिवार मेरो आँखा वरिपरि घुमिरहेका छन्। एक जना लीलाबहादुर नेपाली र अर्का पदमविक्रम ज्ञवाली ।

लीलाले प्राथमिक तहभन्दा माथि पढ्न पाएनन्। उनी खेती-किसानी गरेर जीवन बिताउँछन्। पदमविक्रम गाउँका हुनेखानेमध्ये हुन् ।

लीलाका दुई छोरा छन् भने पदमविक्रमका एक छोरा र एक छोरी ।

उनीहरूका छोराछोरी एकै उमेर समूहका छन्। लीलाका छोराहरू सरकारी स्कुल पढ्न गए। उनीहरू मैलोधैलो भएरै स्कुल पुगे। कहिले गए, कहिले गएनन् । स्कुल नजाँदा पनि उनीहरूलाई कसैले किन आइनस् भनेर सोधेन। उनीहरूले कहिल्यै समयमा किताब पाएनन् । कापी र कलम पर्याप्त पाएनन्। दिउँसो खाजा खाने पैसा पाएनन् ।

पदमविक्रमका छोराछोरी सधैं टाई लगाएर निजी स्कुल गए । किताब, कापी, कलम अभाव भएन। दिउँसो स्कुलले 'लन्च' खुवायो ।

लीलाका छोराहरूले बेलाबेला बाबुसँग सोधिरहे- बाबा, हामीलाई किन बोर्डिङ स्कुल पढ्न पठाउनु हुन्न ?

लीला जहिल्यै नाजवाफ भए ।

सँगै खेल्दा पदमविक्रमका छोराछोरी फर्रर अंग्रेजी बोल्थे । अंग्रेजी गीत गाउँथे । देशविदेशका कुरा गर्थे । केही जानकारी चाहिए गुगल गर भन्थे। लीलाका छोराहरू उनीहरू बोलेको सुनेर ट्वाल्ल पर्थे ।

लीलाका छोराहरूले जेनतेन एसइई पास त गरे तर उनीहरूमा उच्च शिक्षा पढ्न सकिएला भन्ने आत्मविश्वास रहेन। उनीहरूको भविष्यको बाटो गोरखपुरबाट मुम्बईका लागि छुट्ने रेलतिर मोडियो। अहिले उनीहरू मुम्बईको घरखातामा काम गर्छन्। दुई-चार पैसा कमाएर बाबुलाई पठाइदिन्छन् ।

पदमविक्रमका छोराछोरीले भने उच्च शिक्षा पढे। छोरा सर्जन छन्, छोरी सिभिल इन्जिनियर। उनीहरू काठमाडौंका नाम चलेका अस्पताल र अफिसमा काम गर्छन् ।

मैले यहाँ धनी र गरिबको अवस्थाबारे कुरा गरेको होइन। मैले त एकै समयमा देशका बालबालिकाहरूलाई दिइने दुईथरी शिक्षाले कसरी उनीहरूको भविष्यको बाटो अलग गरिदिएको छ भनेर देखाउने कोसिस गरेको हुँ ।

सरकारी स्कुलले दिने शिक्षाको गुणस्तर निजीभन्दा कमजोर हुनुपर्ने कुनै कारण छैन ।

के सरकारी स्कुलका शिक्षकको योग्यता निजीका शिक्षकको भन्दा कम हुन्छ ? के सरकारी स्कुलका शिक्षकले पाउने तलबभत्ता निजीका शिक्षकले पाउनेभन्दा थोरै हुन्छ ? के सरकारी स्कुलका शिक्षकले पाउने पेन्सन निजीका शिक्षकले पाउँछन् ? खासमा भन्दा सरकारी स्कुलका शिक्षकको योग्यता निजीको भन्दा बढी नै होला, कम हुँदैन। तालिम उनीहरूले नै बढी पाउँछन्। तलब सुविधा पनि राम्रो हुन्छ। त्यसो भए सरकारी स्कुलको शिक्षाको गुणस्तर निजीको भन्दा किन कमजोर ?

के सरकारी स्कुलमा पढ्न जाने छोराछोरीले 'ऊ जुनीको भाग्यमा यही लेखेर ल्याएका थिए' भनेर अहिले पनि चित्त बुझाउनुपर्ने हो? सरकारी स्कुलको गुणस्तर हाम्रा छोराछोरीको दूर्भाग्य लेख्ने पाठशाला कहिलेसम्म बनाइरहने ?

के दस वर्षयता मन्त्रिपरिषदको एउटा कुनै बैठकमा यसबारे छलफल भएको छ ?

शेरबहादुर देउवा, केपी ओली, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई कसैको क्याबिनेटले यो विषयमा एउटा मात्रै पनि समीक्षा गरेको छ ?

यसको अर्थ के भने, हामी जानेर वा नजानेर दुईथरी शिक्षा संस्थागत गर्दैछौं ।

जब देशको नयाँ पुस्ता, अझ देशको पिछडिएको वर्ग र पिछडिएको भूगोलका छोराछोरी राज्यको यो विभेदबाट पीडित हुन्छन्, समृद्ध नेपाल निर्माण गर्ने राजनीतिका नाराहरू बिरूवाको जरामा होइन, सुकेको रूखको टुप्पोमा पानी हालेजस्ता प्रमाणित हुन्छन् ।

२०६४ सालको संविधानसभा निर्वाचनपछि राजनीतिको चर्चित नारा बनाइएको ‘नयाँ नेपाल’ अहिले अत्तोपत्तो नहुनुको कारण यही हो ।

हो, राजनीतिले यही अयोग्यता सुधार्न चाहेको छ। राजनीतिले खोजेको परिवर्तनको विन्दु यही हो ।

चाहे धनी परिवारका बालबालिका होऊन् वा गरिब परिवारका, आजको समयमा सबैले पढ्ने शिक्षाको गुणस्तर एकैनास हुनुपर्छ । सरकारी स्कुलहरूको त्यो गुणस्तर कम्तिमा अहिले निजी स्कुलले दिइरहेको बराबर हुनुपर्छ ।

राजनीति गर्ने एक जमातले जहिल्यै घोक्रो सुकाउँदै चिच्याइरहेको मैले सुनेको छु- बोर्डिङ स्कुल बन्द गर्नुपर्छ ।

यसो भन्नेले सरकारी स्कुलको गुणस्तर कम्तिमा निजी स्कुलको तहमा ल्याएरै छाड्छु भनेर किन गरेर देखाउँदैनन् ?

सरकारी स्कुलको गुणस्तर निजी समान गर्न सकेको दिन निजी स्कुलको भविष्यबारे यिनीहरूले होइन, स्कुल चलाउनेहरू आफैंले सोच्नेछन् ।

गुल्मीको आत्मबोध माध्यमिक विद्यालयमा गुरू फणिन्द्र आचार्यले हामीलाई ९ कक्षाको शिक्षा विषय पढाउँदा भन्नुभएको थियो- राणाकालमा नेपालमा दुईथरी शिक्षा थियो। एउटा राणा खलक र हुनेखानेका सन्तानका लागि। अर्को, सर्वसाधारण नेपाली रैतीका सन्तानका लागि ।

आज ३० वर्षपछि पनि उही प्रश्न गर्नुपरेको छ- नेपालमा किन हुनेखाने र गरिबका छोराछोरीका लागि दुईथरी शिक्षा छ ? राणा शासन हाम्रो इतिहास हो। तर त्यो बेलाको शिक्षा नीति किन अझै वर्तमान बनिरहेको छ ?

लोकतन्त्रका लागि जेलनेल भोगेका र हामीलाई राजनीतिक स्वतन्त्रता दिलाएका नेताहरूको कमजोरी यहींनिर देखिन्छ- उनीहरूले राजनीतिक स्वतन्त्रताका लागि लड्न सके तर नयाँ पुस्ताको उज्ज्वल भविष्यको मार्गचित्र कसरी कोर्ने भन्ने भेउ पाएनन् ।

हो, राजनीतिले खोजेको सुधार यहींनिर हो ।

नेपालको राजनीतिले योग्यता खोजेको छ। देश बनाउने सोच र त्यसलाई साकार पार्न सक्ने क्षमता खोजेको छ ।

जेलनेल खाएर वर्षौं हाम्रो राजनीतिक स्वतन्त्रताका लागि जीवन अर्पण गरेका नेताहरूप्रति म उच्च सम्मान गर्दै अनुरोध गर्न चाहन्छु- माफ गर्नुहोला, तपाईंहरूले यो समयको नेपाल र नयाँ पुस्ताका नेपालीको नेतृत्व गर्न सकिरहनुभएको छैन । नयाँ पुस्ताको आकांक्षा बुझ्न र सम्बोधन गर्न सकिरहनुभएको छैन । त्यसैले तपाईंहरू र नयाँ पुस्ताबीच सुमधुर सम्बन्ध छैन । तपाईंहरूमाथि प्रहार हुँदा नयाँ पुस्ताले आफूलाई दुखेको महसुस गर्दैन । नयाँ पुस्ताले तपाईंले उनीहरूका लागि केही गरिदिनुहोला भनेर विश्वास राख्दैन । र, तपाईंहरूले उनीहरूले खोजेको के हो भनेर बुझ्न पनि सकिरहनुभएको छैन ।

परिणाम, देशको मूलधारले सोच्ने तरिका एउटा छ, तपाईंहरूले सोच्ने तरिका अर्कै छ ।

सोचाइको यो दुरी दिनदिनै बढ्दो छ। त्यसैले युवा पुस्ता तपाईंहरूको नेतृत्वमा आर्थिक विकास हुने र उनीहरूका लागि अवसर सिर्जना हुने आशा राख्दैन । प्लस-टू पास गर्नासाथ उसले अमेरिका, अस्ट्रेलिया वा युरोप जाने आफ्नो योग्यता पूरा भएको ठान्छ। विदेश जाने प्रक्रिया पूरा गर्न शिक्षा मन्त्रालयमा लाइन लाग्न जान्छ ।

यही वर्ष मात्रै विदेश पढ्न जानेहरूको अध्ययन खर्चका रूपमा कम्तिमा ५० अर्ब रूपैयाँ विदेशिएको छ ।

नेताहरूले छातीमा हात राखेर भन्नुस्- तपाईंका नातिनातिनाहरू तपाईंले देश विकास गरिदिनुहुन्छ र नेपालमै आफ्नो भविष्य छ भनेर यहाँ बसिरहेका छन् कि उनीहरू अमेरिका, अस्ट्रेलिया वा युरोप छन् ?

तपाईंका छोराछोरी यहीँ छन् कि विदेशमा पुगेर आफूलाई 'सेटल' गरिसके ?

हाम्रा धेरै नेता अमेरिका, अस्ट्रेलिया वा युरोपका भव्य सहर पुगेर आफ्ना छोराछोरी, नातिनातिनासँग खिचेका तस्बिर, भिडिओ सामाजिक सञ्जालमा राख्नु हुन्छ ।

मलाई सोध्न मन लाग्छ- यसो गर्दा तपाईंहरूलाई गौरव लाग्छ कि हिनताबोध ?

जब तपाईंकै सन्तानलाई तपाईंले देश बनाउनुहुन्छ भन्ने विश्वास छैन भने देशको युवा पुस्ताले तपाईंमाथि कसरी भरोसा गर्छ ?

आज हुनेखानेहरूका छोराछोरीको गन्तव्य पहिलो विश्व बनिरहेको छ भने काम नगरी गुजारा नचल्नेहरूको गन्तव्य खाडी, मलेसिया । खाडी, मलेसिया गएका युवाको पसिनाको गन्ध नसेलाउँदै नेपाल भित्रिने रेमिटेन्सको चक्रबाट हामी देशको अर्थतन्त्रका ठूलाठूला प्रगति विवरण संसदमा प्रस्तुत गरिरहेका छौं ।

रेमिटेन्स याने विदेशी वस्तुको आयात, आयातबाट प्राप्त राजस्व र त्यही राजस्वबाट सरकारी ओहोदामा बस्नेहरूको आलिशान शान, मान र सुविधा । कर्मचारीतन्त्रको शान, मान र सुविधा । राजस्व बराबर चालू खर्च ।

सामान्य प्रश्न- देशको ऊर्जा युवाहरूलाई विदेश पठाएर यो देशमा हामीले विकासको पहरो फोर्न सम्भव होला र ?

राजनीतिले खोजेको जबर्जस्त परिवर्तन यहींनिर छ ।

के हाम्रो राजनीति युवाहरूलाई स्वदेशमै अवसर सिर्जना गर्ने बाटोमा लागेको छ? देशमै बसेर पनि विदेशमा जस्तै वा अलि कमै भए पनि अवसर प्राप्त गर्न सकिन्छ भनेर युवाहरूको मनमा विश्वास जगाउन सकेको छ ? नेपालमा भएका प्रशस्त अवसर उपयोग गर्न हामीले युवालाई चाहिने प्रेरणा, बिउपुँजी र बजारका लागि साथ दिने वातावरण बनाएका छौं ?

बिल्कुलै छैनौं ।

त्यसैले त पासपोर्ट बनाउने सरकारी अड्डामा सबभन्दा लामो लाइन छ ।

हो, राजनीतिले खोजेको परिवर्तन यहींनिर हो। युवाहरूलाई नेपालमै केही गर्न सकिन्छ भने विश्वास भर्ने । उनीहरूका लागि चाहिने सम्पूर्ण सहयोग र समर्थन प्रणालीको व्यवस्थापन गरिदिने । उनीहरूको हात समाएर उद्यमशिलतामा लगाउने। उद्यमशील बनेका युवालाई देशविदेशमा फैलिन दिने । केही गर्न चाहने युवा जब सरकारी अड्डा पुग्छन्, त्यहाँ यो पुगेन, त्यो पुगेन, यता मिलेन, उता मिलेन भनेर हैरान पार्ने कर्मचारीतन्त्रबाट उनीहरूलाई छुटकारा मिलाइदिने ।

नेपाली राजनीतिले खोजेको परिवर्तन यस्तै हो जसले युवाहरूको काँधमा धाप मारेर भन्न सकोस्- भन तिम्रा लागि मैले के गरिदिनुपऱ्यो ?

अहिलेको राजनीतिले बाटो बिराएको अर्को पक्ष हो- चरम भ्रष्टाचार ।

कांग्रेस, एमाले, माओवादी, जसपा, राजपा जोसुकैको घोषणापत्र हेर्नुस्, सबैले भ्रष्टाचारप्रति शून्य सहनशिलता लेखेका छन् । प्रधानमन्त्री भएका सबैको पहिलो दिनको सम्बोधन खोजेर सुनौं, सबभन्दा जोड दिएको शब्द हो, शून्य सहनशिलता ।

तर समाज अब यस्तो भइसक्यो, यी त सब भन्ने कुरा न हुन् भनेर बुझिरहेको छ ।

अब नेपालको राजनीतिमा कसैले क्रान्ति गर्छ भने त्यो भ्रष्टाचारविरूद्ध हुनेछ । त्यसलाई आमनागरिकले साझा मुद्दाका रूपमा साथ दिनेछन् ।

समाजमा अहिले के स्थापित भएको छ भने, क्याबिनेट, मन्त्रीहरूले गर्ने निर्णयहरू पैसाको लेनदेनसँग सम्बन्धित छन् । निर्णय सार्वजनिक नगर्न सचेत देखिन्छन् मन्त्रीहरू। त्यसैले क्याबिनेट/मन्त्रिपरिषदका निर्णय गोप्य राख्ने प्रवृत्ति मौलाउँदो छ । मन्त्रीहरूमा 'हिजोका मन्त्रीहरूले कमाएका थिए भने मैले पनि किन नकमाउने' भन्ने प्रवृत्ति देखिँदैछ। आफ्नो कुनै पनि निर्णयले अरूलाई कमाउने अवसर सिर्जना गर्छ भने आफूले किन सित्तैमा निर्णय गरिदिने ? राजनीतिमा आशा गरिएका दोस्रो पुस्ताका नेताहरूको अनुहारमा युवा अवस्थामै कालो दाग लागिरहेको छ। शीर्ष तहमा रहेका पाका नेताहरू उनीहरूका संरक्षक बनिरहेका छन् ।

सार्वजनिक निकायका प्रत्येक नियुक्ति शक्ति केन्द्रहरूप्रति उत्तरदायी रहने गरी लेनदेनमा भइरहेका छन् भन्नेमा आमनागरिकहरू विश्वास राख्छन् । अदालतदेखि अख्तियारसम्म पनि यस्तो हुन्छ भन्ने आरोप-प्रत्यारोप सुन्नुपर्दा आमनागरिक साँच्चिकै दुखी छन् ।

सरकारका प्रणालीहरू 'सेटिङ' बाट चलिरहेका छन् भनेर बुझाउने काम सरकारमा बसेर फर्केकाहरूले नै नागरिकलाई गरेका हुन् ।

हामीले कतिसम्म देख्नु/भोग्नुपऱ्यो भने, कमिसन एजेन्ट र सरकारको उच्च तहबीच कमिसनको हिसाब नमिलेका कारण कोभिडको खोपजस्तो संवेदनशील सेवाबाट समेत नेपाली नागरिक वञ्चित रहनुपऱ्यो ।

अहिले प्रतिपक्षी दलका शीर्ष नेताहरू ठूलो स्वरमा भनिरहेका छन्- कमिसनको हिसाब नमिलेका कारण किसानले धान रोप्ने बेला रासायनिक मल पाएनन् ।

संसदमा पूर्वमन्त्रीहरूले भाषण गरिरहेका छन्- माल नमिलेका कारण मल नआएको हो !

हामी नागरिकले बुझ्ने के हो भने यी सबै कुरा सरकारमा बसेकाहरूको अनुभव हो ।

प्रत्येक मतदाता आफैंमा सेवाग्राही पनि हो। बाबुको नामबाट आफ्नो नाममा जग्गा नामसारी गर्न मालपोत गएका बेला होस् वा लाइसेन्स नवीकरण गर्न यातायात कार्यालय, आफैंले ट्राफिक नियम उल्लंघन गरेका बेला कारबाहीबाट बच्न होस् वा एउटा सानो घर बनाउन नक्सा पास गर्न नगरपालिका गएका बेला, एउटा सर्वसाधारण सेवाग्राही जता गए पनि घुसको गोलचक्करबाट उम्किन सक्ने अवस्था छैन ।

खानेपानी खोलिदिने व्यक्ति हुन् वा सरकारी कार्यालयमा फाइल तलमाथि गराइदिने कार्यालय सहायक, सबैले आफ्नो गच्छेअनुसार घुसको आश गरिरहेका देखिन्छन् ।

हो, राजनीतिले खोजिरहेको अर्को परिवर्तन यहींनिर हो ।

स्थानीय निर्वाचनले राजनीतिमा सुधारका गम्भीर संकेत छाडेर गएको छ । यसलाई नेपाली राजनीतिमा भूकम्प आउनुअघिका संकेतका रूपमा अर्थ्याउने युवाहरूको पंक्ति सानो छैन । तर राजनीतिक दलका मुख्य नेताहरू यसलाई स्वीकार गर्ने पक्षमा देखिँदैनन् । किनभने, यसलाई स्वीकार गर्नुको पहिलो कदम आफ्नो पद त्याग्न तयार रहनु पनि हुनसक्छ जुन हाम्रो राजनीतिमा अपेक्षा गर्न सकिँदैन ।

के आगामी आमनिर्वाचन त्यो राजनीतिक भूकम्पमा परिणत हुनेछ ?

यसको सम्भावना कम छ तर पक्का के छ भने आगामी निर्वाचनमा सुधार अगाडि बढाउन चाहने र सुधारको गति रोक्न चाहनेहरूबीच घम्साघम्सी भने हुनेछ। सुधारको पक्षमा राजनीतिक दलभित्र र बाहिर, दुवैतिरबाट धक्का दिने कोशिस अवश्य गरिनेछ ।

धरानमा हर्क साम्पाङ, काठमाडौंमा बालेन्द्र शाह र धनगढीमा गोपाल हमालले स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचन जितेर राजनीतिमा परिवर्तनको सुरूआत गरेका छन्। राजनीतिक दलहरू भने राजनीतिको केन्द्रीय मैदानमा उठेको यो ध्वनीलाई आकाशमै उडाउने कोशिसमा छन् ।

उनीहरूका भनाइ सुनिन्छन्- कुनै बेला नानीमैया दाहालले पनि काठमाडौंमा यसैगरी चुनाव जितेकी थिइन !

देशका प्रमुख पालिकाहरूमा विजयी स्वतन्त्र युवाहरूलाई पञ्चायतकालकी नानीमैया दाहालसँग तुलना गर्नु आफैंमा असान्दर्भिक सोच हो ।

यो परिणामको सामान्य अर्थ के भने, नागरिकले परिवर्तनको पक्षमा भोट हालेका हुन्। राजनीतिक दलहरूको अयोग्यताको विपक्षमा भोट हालेका हुन्। राजनीतिक दलका उम्मेदवारभन्दा स्वतन्त्र रूपमा उम्मेदवार बनेका व्यक्तिहरू भरपर्दा र योग्य लागेपछि भोट हालेका हुन् ।

तपाईं मान्नुस् या नमान्नुस्- राजनीतिको 'कोर्स' परिवर्तन भएको छ । आमनागरिक देशको राजनीतिलाई कसरी हुन्छ परिवर्तनको बाटोमा हिँडाउने सोचमा छन्। त्यसैले उनीहरू पार्टीभन्दा उम्मेदवारको ‘ट्याक रेकर्ड’ हेर्न थालेका छन् । २०७४ को निर्वाचनमा बाबुलाई सोधेर भोट हाल्नेहरू आफ्नै स्वविवेकमा र आफूले इच्छाएको ठाउँमा भोट हाल्ने भएका छन् ।

सुशासन र शासकीय शैली, आर्थिक, सामाजिक विकासमा ठूलो परिवर्तन आवश्यक छ। सेवा प्रवाहमा सेवाग्राहीप्रति गरिने तुच्छ व्यवहार अन्त्य भई सम्मानजनक व्यवहार गरिनुपर्छ भनेर महसुस गर्ने नयाँ पुस्ताले आममतदाताहरूको मनस्थिति बदलिदिन थालेका छन् ।

स्थानीय निर्वाचनमा पहिलोपटक मतदान गरेका कलेज तहमा अध्ययन गरिरहेका ३६ लाख युवा, परिवर्तनको हुटहुटी बोकेको नयाँ पुस्ता र विदेशमा बसेर नेपालको राजनीतिमाथि गहिरो चिन्ता गर्ने गैरआवासीय नेपालीहरूको निर्वाचनमा गज्जबको हस्तक्षेपकारी भूमिका देखिँदैछ ।

नेपालमा बसेर नेपाली कांग्रेस, एमाले वा माओवादी पार्टीप्रति आस्था राख्ने बाबुआमाहरू आफ्नो परम्परागत आस्था थाती राखेर पनि न्यूयोर्क, क्यालिफोर्निया, सिड्नी, पेरिस, सियोल वा कतारमा रहेका छोराछोरीको सुझावका आधारमा नेपालमा भोट हाल्न तयार भएका छन् । यसरी नेपाल बाहिर रहेका छोराछोरीहरूले कुनै पार्टी विशेषप्रति आजीवन आबद्धता होइन, राम्रो उम्मेदवारको पक्षमा भोट हाल्ने वातावरण बनाउँदै छन् । चाहे ती कुनै पार्टी विशेषकै उम्मेदवार होऊन् वा स्वतन्त्र ।

आफ्नाको होइन, राम्रा मान्छेको पक्षमा बिनापूर्वाग्रह जब वकालत सुरू हुन्छ, सामाजिक सञ्जालले परिवर्तनको माध्यमका रूपमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न थालेको छ । काठमाडौंको मेयरमा बालेन शाहको पक्षमा वातावरण बनाउने भूमिका धेरै हदसम्म उनीहरूले गरेका थिए ।

विश्वास गर्नुहोस्- नातिनातिना पुस्ताको तर्क ठीक लागेर काठमाडौंका कोर एरियाका मतदाता आफ्नो परम्परागत आस्था त्याग्न तयार भएका हुन् ।

आगामी आमनिर्वाचनमा नेपाली नागरिकले उम्मेदवारहरूको ट्याक रेकर्डमा परिवर्तनलाई संस्थागत गर्ने विश्वसनीय आधार खोज्ने छन् ।

पक्कै पनि राजनीतिको आकाशमा कालो बादल मडारिइरहेको छ । तर आशा गर्ने ठाउँ यहाँ छ, मतदाता यी सबैप्रति सचेत देखिएका छन् । उनीहरूले परिवर्तनको पक्षमा आफूलाई उभ्याउने कोशिस गर्दै छन् । राजनीतिको त्यो कालो बादलमा चाँदीको घेरा पनि देखिन थालेको छ ।

राजनीतिक पार्टीहरूले आफैं 'कोर्स करेक्सन' को पहल लिएनन् भने राजनीतिक सुधारको पक्षमा निश्चय पनि अर्को शक्ति तयार हुनेछ। दलहरूभित्रै कयौं बालेन शाह र हर्क साम्पाङहरू छन्। दलहरू आफैंले परिवर्तनलाई स्थापित गर्न सक्ने अनुहार हरूलाई मैदानमा उतारे भने नागरिकले स्वागत गर्नेछन् । उतारेनन् भने नागरिक आफैंले उनीहरूलाई जन्म दिनेछन् ।

(स्रोत सेतोपाटी)

# सुरक्षालाई मध्यनजर गर्दै मोरङको कटहरीमा प्रहरी चौकी स्थापना




• कोशीपत्र संवाददाता

मोरङ । सुरक्षालाई मध्यनजर गरी मोरङको कटहरी गाउँपालिका - ३ कटहरी बजारमा प्रहरी चौकी स्थापना भएको छ। सोमबार गाउँपालिका भित्र रहेको भवनमा एक कार्यक्रम आयोजना गरि प्रहरी चौकीको उद्घाटन समेत भएको छ।

चौकीको उद्घाटन कटहरी गाउँपालिकाका अध्यक्ष देवराज चौधरीले गरेका छन्। सो अवसरमा बोल्दै अध्यक्ष चौधरीले सर्वसाधारणलाई सुरक्षाको अनुभूति गराउन चौकीको स्थापना गरिएको बताए । उनलेभने 'प्रहरी चौकी स्थापना भएपछि शान्ति सुरक्षाको प्रत्याभूति जनताले गर्ने पाउनेछन। दशकौदेखि कटहरी बजामा प्रहरी चौकी राखिनुपर्ने माग राख्दै आएका थियौ अहिले आएर पूरा भयो।'

उद्घाटन ककार्यक्रममा बोल्दै मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले गाउबासीको सक्रियताका कारण कटहरीमा चौकी स्थापना गर्न सम्भव भएको बताए । उनले भने-'चौकी स्थापना भएको छ, शान्ति सुरक्षामा प्रहरीलेमात्र एक्लै सम्भव छैन, सबै मिल्ने शान्ति सुरक्षा, अमयनचयन मिल्ने छ।'

स्थापना भएको प्रहरी चौकी कटहरी गाउँपालिका भित्रको २, ३, ४, ५, ६ र ७ वडा पर्दछ । कटहरीमा स्थापाना भएको प्रहरी चौकीको इन्चार्ज प्रहरी सहायक निरीक्षक दल बहादुर कार्कीको कमाण्डमा ९ जनाको प्रहरी टोली रहेको छ।

# लागुऔषध सहित दुई जना पक्राउ



• कोशीपत्र संवाददाता

झापा

झापाको मेचीनगर नगरपालिका-६ बाट लागुऔषध ब्राउनसुगर सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

सोमबा बिहान इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट चेक जाँचमा खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो । भारतबाट नेपाल तर्फ आउदै गरेका फाकफोकथुम-१ इलामका २७ बर्षीय प्रकाश गुरुङ र फिदिम नगरपालिका-८ पाँचथरका २१ बर्षीय लक्ष्मुमान तामाङलाई पक्राउ गरिएको झापा प्रहरीले जनाएको छ। पक्राउ परेका उनीहरुको साथबाट १४ ग्राम ब्राउनसुगर बरामद गरेको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ। पक्राउ परेका उनीहरुका विषयमा थप अनुसन्धान भइरहेको प्रहरी जनाएको छ।

# प्रदेश एकमा ४९ प्रतिशत धान रोपाइ



• कोशीपत्र संवाददाता

मोरङ

प्रदेश १ मा हालसम्म ४९ प्रतिशतमात्र धान रोपाई सकिएको छ । धान रोप्ने बेलामै पानी पर्न रोकिएपछि प्रदेश एकका विभिन्न ठाउँको धान रोपाइँ पुरै प्रभावित भएको हो ।

असार अन्तिम साता रोपाइँ उद्देश्यले बिऊ काढेर ठिक्क पारेका बिउ टन्टलापुर घामले डढाएपछि अहिले कृषक चिन्तामा छन् ।

कृषि मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार । असार ३२ सम्ममा देशभर कुल ९ लाख ७० हजार ४८४ हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको छ। जुन कुल रोपाइँ हुने क्षेत्रफलको ६५ प्रतिशत हो । गत वर्ष यो अवधिमा ११ लाख २२ हजार ८०७ हेक्टर क्षेत्रफल अर्थात ७६ प्रतिशत मात्र रोपाइँ भएको भएको छ।

असारको अन्तिममा आएर पानी पर्न छोडेपछि त्यसको असर नराम्ररी परेको मन्त्रालय जनाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार यो बर्ष गत बर्षको भन्दा ११ प्रतिशत कम धान रोपाइ भएको जनाएको छ। प्रवक्ता सञ्जललेभने 'यसवर्ष कम मात्रामा रोपाइँ भएको छ यसको मुख्य कारण मनसुन ब्रेक हो, यसको असर प्रदेश एक र मधेश प्रदेशमा परेको छ।'

कृषि विभागका अनुसार असार मसान्तसम्म मधेश प्रदेशमा ५७ र प्रदेश एकमा ४९ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको छ । गत बर्षमा यी क्षेत्रमा क्रमश ६९ र ६४ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको विभागका उपसचिव महानन्द जोशीले बताए । प्रदेश एकमा ३ लाख ४० हजार ८२९ हेक्टर र मधेश प्रदेशमा ४ लाख ५ हजार ४५० हेक्टर रोपाइँ योग्य जमिन छ।

विभागका अनुसार यस वर्ष देशभर रोपाइँ योग्य खेतको क्षेत्रफल करिब २७ हजार हेक्टर बढेको छ । गत वर्ष १४ लाख ७७ हजार ३७८ हेक्टर क्षेत्रफलमा रोपाइँ भएकामा यस वर्ष यस्तो क्षेत्रफल १५ लाख ४ हजार ४८६ हेक्टर पुग्ने विभागको अनुमान छ।

# चोरीको गहना र नगद सहित एक पक्राउ



• कोशीपत्र संवाददाता

मोरङ

चोरीको गहना र नगदसहित मोरङ प्रहरीले एकजनालाई पक्राउ गरेको छ।

मोरङको बिराटनगर महानगरपालिका-१३ का १८ बर्षीय बिबेक कामतलाई चोरी गरेको आरोपमा प्रहरीले पक्राउ गरेको हो। बिराटनगर-८ मधुमाराका राजेश साहको घर कोठाबाट असार २९ गते राती सुनका बिभिन्न गर-गहना र नगद ४६ हजार नगद चोरी भएको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङले अनुसन्धानलाई तिब्रता दिएको थियो।

अनुसन्धानकै क्रममा प्रहरीले कामतलाई चोरीका गहना र नगद सहित पक्राउ गरेको हो।

# धरानमा राम्रो र नराम्रो स्पर्श बारे सचतेना कार्यक्रम



• कोशीपत्र संवाददाता

धरान

बालबालिकालाई असल कुरा सिकाउने उद्देश्यले रोट्र्याक्ट कल्ब अफ धरान घोपाले गरिमा डान्स ऐकेडमीको सहकार्यमा 'राम्रो स्पर्श र नराम्रो स्पर्श' को बारेमा शनिबार धरानको भानुचौक र होटल रत्न इनमा चेतनामूलक कार्यक्रम आयोजना गरेको छ।

भएको कार्यक्रममा बालकको मस्तिष्कमा सकारात्मक कुराले प्रभाव पार्न सकोस् भन्ने उद्देश्यले आयोजना गरिएको आयोजकले जनाएको छ।

क्लबका अध्यक्ष ऋतिक राज पासवानको प्रमुख अतिथित्यमा सम्पन्न सो कार्यक्रममा अमिसा पन्त, चाहना पाठक, प्रियान्सु यादव र सितल श्रीवास्तव सहित गरिमा डान्स ऐकेडमीका सञ्चालक मनिकुमार लिम्बुको उपस्थिता रहेको थियो।

# करार कर्मचारीको म्याद नथप्दा सोलु अस्पतालको सेवा बन्द




• कोशीपत्र संवाददाता

सोलुखुम्बु

सोलुखुम्बुमा करार कर्मचारीको म्यान नथपिँदा पाँच स्वास्थ्य संस्था पूर्ण रुपमा प्रभावित बनेको छ।

कर्मचारीको म्यान नपिँन्दा जिल्लाको नेचा सल्यान गाउँपालिकामा सञ्चालित पाँचवटा स्वास्थ्य संस्था बन्द भएका हन्।

नेचासल्यान गाउँपालिका-३ मा सञ्चालित नेचासल्यान अस्पताल आइतबारदेखि बन्द भएको छ। अस्पताल सञ्चालक समितिका उपाध्यक्ष दोमराज बास्तोलाले करार कर्मचारीको म्याद थप नभएपीछ जनशक्ति अभावका कारण अस्पताल बन्द भएको जानकारी दिए ।

समितिका उपाध्यक्ष वास्तोलाका अनुसार अस्पतालमा एकजना एमबिबिएस डाक्टरसहित २ जना अहेब, १ जना अनमी, १ जना ल्याब असिस्टेन्ट र २ जना कार्यालय सहयोगी कार्यरत थिए । ती सबै कर्मचारी करारका थिए।

प्राथमिक स्वास्थ्य केन्द्र नेचासल्यान-२ को पनि आकस्मिक र प्रसूति बाहेकको सेवा बन्द भएको छ। सेवा बन्द भएसँगै सर्वसाधारण मारमा परेका छन् । त्यसैगरी वडा नं १, ४ र ५ मा संचालित आधार भूत स्वाथ्य सेवा केन्द्र समेत करार दरबन्दीको भ्यान नथपिँदा जनशक्ति अभावका कारण बन्द भएको हो।

जिल्लामा स्वास्थ्य सेवामा मात्र २८ जना कर्मचारी करारमा कार्यरत थिए । करारका कर्मचारी हटाउने पालिकाको निर्णय फिर्ता लिन चौतर्फी दबाब बढेको छ । नेपाल निजामति कर्मचारी संगठन नेचासल्यानले करारका कर्मचारी हटाउने निर्णय फिर्ता लिन विज्ञप्तिमार्फत माग गरेको छ । गाउँपालिकाले शिक्षा र पंजीकरण बाहेकका कर्मचारीको म्याद थप नगर्ने निर्णय गरपछि त्यसको विरोध भइरहेको छ।

पंजीकरण शाखामा २ जना कर्मचारी कार्यरत रहेका छन् । जसमध्ये १ जना कर्मचारी नेपाली काँग्रेसको क्षेत्रीय प्रतिनिधिसमेत रहेकोले पार्टीगत रुपमा कर्मचारी भर्नाको लागि म्याद थप नगरिएको आरोप लगाइएको छ । नेचा सल्यानमा विभिन्न क्षेत्रमा काम गर्ने ६८ जना कर्मचारी करारमा कार्यरत रहेका छन्।

# विदेशी बजारमा चिया पुऱ्याउन नेपाली कृषकलाई सकस

• कोशीपत्र संवाददाता

मोरङ

इलाम जिल्ला प्रदेश नं. १ कै चियाको राजधानी हो। तर यो वर्ष तयारी चिया बिक्री गर्न इलामका कृषकलाई समस्या भएको छ। भारत लगायत अन्य तेस्रो मुलुकबाट नेपाली चियाको माग माग भएपनि उत्पादन लागत मूल्य उठ्न कठिन भएको उद्योगी-व्यवसायीलाई सकस भएको हो ।

कोभिड संक्रमण तथा रुस र युक्रेन युद्धका कारण पनि चिया विक्रीमा गिरावट आएको उद्योगी-व्यवसायी बताउँछन्।

उद्योगी कमल मैनालीका अनुसार नेपालबाट किनेको चिया भारतबाट अन्य देशमा समेत पुग्ने गरेको छ। तर, यो पटक भारतमा मात्र नभइ युरोप, अमेरिकालगायत अन्य देशबाट समेत तयारी चियाको माग नआएको मैनालीले बताए। उनले भने-'माग आएपनि लागत मूल्य नै नउठ्ने गरीको मूल्य रहेको छ, भारतले निर्यात गर्ने तयारी चियाको २२ प्रतिशत बजार रुस र ८ प्रतिशत युक्रेन रहेछ, 'यो पटक ती देशमा चिया बिक्री नहुँदा भारतका व्यापारीले नेपालको चिया किन्न चाहेकै छैनन्।'

मैनाली जर्मनी, अमेरिका लगायत देशमा पनि आफ्नो तयारी उत्पादन बेच्छन् । 'तेस्रो मुलुकबाट पनि यो पटक गतवर्षहरूभन्दा माग निकै कम आएको छ,' उनले भने, 'जसले माग गरेका छन्, उनीहरूले दिने मूल्यले पनि अहिले यहाँको लागत नै उठ्दैन। हामीलाई धेरै अन्योल भएको छ । किसान ठूलो समस्यामा परेका छन्।'

मैनालीले सञ्चालन गरेको इलाम नगरपालिका-१, साखेजुङस्थित हिमालयन सांग्रिला टी प्रोड्युसर्स प्रालिले गतवर्ष १ लाख किलो तयारी चिया विक्री गरेको थियो । यो वर्ष उत्पादन पोहोरकै हाराहारीमा रहने सम्भावना भएपनि माग नभएको उनले जनाए। 'पोहोर ६ हजार किलो तयारी चिया अर्डर गर्ने व्यापारीले यो वर्ष एक हजार किलोमात्र मागेका छन्,' उनले भने, 'यो वर्षको अहिलेसम्म चिया निर्यातको अवस्था नाजुक छ।'

इन्धनको निरन्तर मूल्य वृद्धि पनि चिया बिक्री समस्याको अर्को कारण भएको छ। र, तयारी चिया ढुवानीमा पनि खर्च बढेका कारण आफूहरूलाई समस्या भइरहेको उद्योगी-व्यवसायी बताउँछन् । साखेजुङकै अर्का उद्योगी चिरञ्जीवी दाहालले यो वर्ष आफूले उद्योगमा चिया प्रशोधन नै नगरेको बताए। उनको उद्योगमा गतवर्ष करिब ४० हजार किलो तयारी चिया उत्पादन भएको थियो। 'यो वर्ष समयमा तयारी चियाको माग नै आएन,' उनले भने, 'पोहोर साल प्रतिकिलो औसत ४ सय रुपैयाँमा बिक्री हुँदा पनि लागत मूल्यसम्म उठ्थ्यो, यो वर्ष प्रतिकिलो ७ देखि ८ सय रुपैयाँमा बेच्दा पनि लागत उठ्दैन।'

साखेजुङका उद्योगले अहिले हरियो चियापत्तीको मूल्य सामान्यतः प्रतिकिलो ७० रुपैयाँ दिँदैछन्। दाहालले किसानले मल नपाउँदा यो वर्ष हरियो चिया उत्पादनसमेत ज्यादै कम भएको बताए । साखेजुङ क्षेत्रमा प्रतिवर्ष २० हजार किलोभन्दा बढी तयारी चिया उत्पादन गर्ने ९ उद्योग छन्।

त्रिवेणी सांघाई समूहले पनि यो वर्ष तयारी चिया निर्यातमा समस्या भएको बताएको छ। समूहका अध्यक्ष सुवास सांघाईले यो वर्ष तयारी चियाको माग नै नआएको बताए । उनले बगानले उत्पादन गरेको सबैजसो चिया भारतमै बिक्री भए पनि यस पटक भारतका व्यापारीले यहाँको चिया किन्नै नचाहेकाले समस्या भएकोबताए । उनले भने ' रुस र युक्रेन युद्धको असरले यस्तो भएको भन्ने हामीलाई जबाफ दिएका छन् तयारी चियाको मूल्य ज्यादै कम भएका कारण पनि पठाउनै गाह्रो भएको हो।

नेपालबाट वर्षेनी सवा ३ अर्ब रुपैयाँको तयारी चिया निर्यात हुनेगरेको तथ्यांक छ । विदेशी मुद्रा आर्जनको गतिलो स्रोत भएपनि सरकारी सधैं चिया क्षेत्र सरकारको उपेक्षामा परेको किसानदेखि उद्योगीसम्मको गुनासो छ। गुणस्तरीय चिया उत्पादन र विक्रीमा तीनै तहका सरकार उदासीन हुँदा आफूहरू मर्कामा परिरहेको किसान र उद्योगी बताउँछन्।

## धरान उपमहानगरपालिका ११ नं. वडा कार्यालयको
## ७ दिने सूचना

सुनसरी जिल्ला, धरान उप-महानगरपालिका वडा नं. ११, टेम्के मार्ग स्थित श्री सपना जिमीले निजको नाममा दर्ता कायम रहेको साविक धरान ९क, कि.नं. २१०६, २१०८, २११० को जम्मा क्षेत्रफल ०-०-३, ०-०-४.५०, ०-०-४.२५ जग्गामा घर निर्माणको लागि निवेदन दिनु भएकोमा तपाईं उत्तर तर्फका संधियार जग्गाधनी श्री सन्तोष कुमारी राई/दक्षिण तर्फका संधियार जग्गाधनी श्री मैया राईको उपस्थिती नदेखिएकोले यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। निजलाई घर निर्माणको लागि स्वीकृती दिदाँ तपाईंको जग्गामा हानी नोक्सानी हुन्छ वा हुदैन्? यदि हुन्छ भने यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सबुत प्रमाण सहित वडा कार्यालयमा उपस्थित हुन सूचित गरिन्छ। अन्यथा नियमानुसार भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

| जग्गा रहेको स्थान | | | क्षेत्रफल | नक्सा दर्ता मिति | १५ दिने सन्धि सर्पन सूचना जारी मिति |
|---|---|---|---|---|---|
| वडा नं. | साविक वडा | कि.नं. | | | |
| ११ | धरान ९क | २१०६,२१०८, २११० | ०-०-३, ०-०-४.५०, ०-०-४.२५ | २०७९/०३/२१ | २०७९/०३/३० |

## जनहितमा जारी सूचना

### धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी (१ नं. प्रदेश नेपाल)

### सम्पूर्ण व्यवसायी तथा उपभोक्ता वर्गमा धरान उपमहानगरपालिकाको अनुरोध

- कुनै पनि सामान खरिद गर्दा वस्तु वा सामानको मूल्य सूचि, उपभोग्य मिति, उत्पादनको नाम, सामानको मिश्रणको अवस्था हेरी उपयुक्त लागेमा मात्र खरिद गरौं।
- कानून बमोजिमको खरिद बिल पाउनु उपभोक्ताको अधिकार हो। सामान खरिद गरेपछी बिल लिएर सुरक्षित बनौं।
- मिसावट भएको, शंकास्पद, उपभोग्य मिति फेरबदल गरिएको र गुणस्तरहीन सामान बिक्री गर्न राखेको फेला परे तत्काल उपमहानरपालिकाको कार्यलयमा उजुरी गरौं।
- व्यावसायीहरुले नियमानुसार आफ्नो व्यावसाय दर्ता गरौं, व्यावसाय प्रमाणपत्र समयमै नवीकरण गरौं।
- व्यावसायीहरुले आफ्नो उत्पादनमा यत्पादनको नाम, उत्पादन मिति, उपभोग्य समय, मूल्य, सम्मिश्रण, तौल र ब्याच नं अनिवार्य रुपमा राख्नुहोला।

## आजको राशिफल



पं. सम्राट गौतम
ज्योतिषाचार्य
९८४२१००५५५, ९८१९०६८०००

मेष: कार्यमा सफलता मिल्नेछ। स्वास्थ्य सामान्य रहेको छ । आवश्यक साथसहयोग जुट्नेछ । मनमा हौसला बढेर जानेछ।

वृष: शरीरमा रोग बढ्न सक्नेछ। अनावश्यक कुरा मनमा खेल्नेछन्। स्वजनबाट धोका हुन सक्नेछ। वैदेशिक यात्राको सम्भावना छ।

मिथुन: धनको अभावले सताउन सक्छ । शारीरिक पीडा हुनसक्नेछ । वादविवादले समस्या ल्याउन सक्छ । खानपानमा सजग रहनुहोला।

कर्कट: व्यापारमा उन्नति हुनेछ । औद्योगिक क्षेत्रमा सफलता बढ्नेछ । आर्थिक लाभ बढेर जानेछ । आवश्यक सहयोग जुट्नेछ।

सिंह: शत्रुमाथि विजय प्राप्त हुनेछ । आर्थिक वृद्धिदर बढेर जानेछ । ब्यावसायिक सफलता बढ्नेछ ।स्वजनहरुसङ्ग रमाइलो भेटघाट हुनेछ।

कन्या: कार्यमा सफलता प्राप्त हुनेछ। पारिवारिक सहयोग जुट्नेछ। अध्ययनमा सफलता मिल्नेछ। आकस्मिक धनलाभ हुन सक्नेछ।

तुला: शरीरमा रोग देखा पर्न सक्नेछ। अनावश्यक चिन्ताले पिरोल्न सक्छ। पारिवारिक विवाद बढ्न सक्नेछ। मिष्ठान्न भोजनको योग छ।

वृश्चिक: मित्रहरूबाट भरपुर सहयोग मिल्नेछ । औद्योगिक क्षेत्रमा फाइदा बढ्नेछ । कार्यमा सफलता प्राप्त हुनेछ। विपक्षीहरु परास्त हुनेछन्।

धनु: खर्च ज्यादा हुन सक्नेछ। धेरै परिश्रम गर्नुपर्ने रहेको छ । मन अत्यन्त चञ्चल रहनेछ । शैक्षिक क्षेत्रमा सामान्य सुधार हुनेछ।

मकर: कार्यले सम्मानित बनाउनेछ। आर्थिक वृद्धिदर बढेर जानेछ । पारिवारिक सहयोग जुट्नेछ । कार्यको थालनीमा हौंसला बढेर जानेछ।

कुम्भ: वादविवादबाट जोगिने प्रयास गर्नुहोला। स्वास्थ्यमा गडबडी हुन सक्छ । कार्यमा बाधाहरु आउन सक्नेछन्। आर्थिक कारोबारमा ध्यान दिनुहोला।

मीन: समय अनुकुल रहेको छ । आकस्मिक धनलाभ हुनसक्नेछ। धार्मिक कार्यमा मन आनन्दीत हुनेछ। मिष्ठान्न भोजन हुनेछ।